
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २३ ❑ अङ्क २१८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ भदौ ६ गते सोमबार ❑ 22 Aug 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–

## भूमिका खोज्दै प्रदेशका योजना आयोग

पोखरापत्र संवाददाता
पोखरा, ५ भदौं

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले लोकतान्त्रिक व्यवस्थामा आधारित समाजवाद सबैको साझा लक्ष्य भएको बताउनुभएको छ।

संस्थागत क्षमता विकासका लागि साझा दस्तावेज तयार गर्ने उद्देश्यले आयोजित सातै प्रदेशका योजना आयोगका उपाध्यक्ष र सदस्य एवं सदस्य सचिवको भेलाको आइतबार पोखरामा उद्घाटन गर्दै उहाँले साझा लक्ष्यलाई संस्थागत गर्न प्रदेश सरकारहरूले थप मिहिनेत गर्नुपर्ने बताउनुभयो । संविधान र कानुनले दिएका अधिकार प्रयोग गर्नसमेत केन्द्रीकृत मानसिकता अझै समस्याका रूपमा रहेको उल्लेख गर्दै उहाँले संविधानतः प्राप्त अधिकार पनि उपयोग गर्न नसकिएको बताउनुभयो । वन र शिक्षा लगायतको अधिकारमा अझै केन्द्र उदार नरहेको बताउँदै उहाँले प्रहरी समायोजनदेखि निजामती कर्मचारी ऐन ल्याउनका लागिसमेत सङ्घ सरकार नै बाधक बनेको बताउनुभयो। सङ्घ सरकारको भन्दा खर्च गर्ने क्षमता बढी प्रदेशमा रहेको बताउँदै उहाँले अभावका बीचमा पनि सङ्घ सरकारले ५७ प्रतिशत खर्च गर्दा



आफूहरूले ६७ प्रतिशत खर्च गर्न सकेको जिकिर गर्नुभयो । राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा विश्व पौडेलले नेपाल सरकारका मन्त्रीहरू आफ्नो कामभन्दा पनि अन्यमा बढी ध्यान केन्द्रित गर्दा समस्या आएको बताउनुभयो । विभिन्न संस्था खडा गरेर योजना आयोगलाई कमजोर बनाउन थालिएकोमा असन्तुष्टि व्यक्त गर्दै उहाँले ६० वर्षदेखि गठनादेशबाट चल्दै आएको आयोगलाई ऐनद्वारा निर्देशित गरिनुपर्ने धारणा राख्नुभयो ।

प्रदेश नीति तथा योजना आयोग गण्डकीका उपाध्यक्ष डा रघुराज काफ्लेले प्रदेश सरकार सञ्चालनको यस अवधिमा धेरै उपलब्धि हासिल भएको बताउनुभयो । यसबीच उपलब्धिलाई सामूहिक रूपमा सार्वजनिकीकरण गर्नुपर्ने उहाँले बताउनुभयो। उक्त अवसरमा राष्ट्रिय योजना आयोगका सदस्यहरू डा दिलबहादुर गुरुङ र डा रामकुमार फुयाँलले सङ्घीयता कार्यान्वयनका सिलसिलामा आयोगले निर्वाह गरेका भूमिकाबारे जानकारी गराउनुभयो। लुम्बिनीमा भएको सातै प्रदेशका योजना आयोगका अनुभव आदानप्रदान कार्यक्रम र बागमती प्रदेशले आयोजना गरेको कार्यक्रममा संस्थागत क्षमता विकासका लागि साझा दस्तावेज तयार पार्ने जिम्मा गण्डकीलाई परेअनुरुप पोखरामा कार्यक्रम गरिएको काफ्लेले जानकारी गराउनुभयो । भोलिसम्म चल्ने कार्यक्रममा प्रदेशको वस्तुस्थिति, अनुभव, नवीनतम् कार्य तथा भावी सोच, प्रदेश नीति तथा योजना आयोगको ऐनको मस्यौदामाथि छलफल गरिने गण्डकीका योजना आयोगका सदस्य डा सुवास अधिकारीले जानकारी दिनुभयो ।

## पोखरामा नवौं राष्ट्रिय खेलकुदको सचिबालय उद्घाटन

पोखरापत्र संवाददाता
पोखरा, ५ भदौं

पोखरा रंगशालामा नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताको सचिवालय उद्घाटन गरिएको छ।

नेपाल सरकारका युवा तथा खेलकुद मन्त्री महेश्वरजंग गहतराज अथक, गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेल र पोखरा महानगरका मेयर धनराज आचार्यले संयुक्त रुपमा रिवन काटेर आइतबार सचिवालयको उद्घाटन गरेका हुन् । कार्यक्रममा बोल्दै मन्त्री गहतराजले नवौं खेलकुदको सम्पूर्ण तयारी सहित कार्तिक पहिलो हप्तासम्म उक्त सचिबालय संचालन हुने बताए । कर्मचारी र खेलकुदकर्मीले आवश्यक समन्वय गरी नवौं राष्ट्रिय खेलकुद प्रतियोगिता सफल पार्न एक जुट हुन मन्त्री गहतराजले निर्देशन समेत दिए ।

उक्त प्रतियोगिता जहाँ खेल हुन्छ त्यहीको निकायलाई समेत अपनत्व बहन गराउन पनि तीन



तहका जिम्मेवारी व्यक्तिबाट उक्त सचिबालय उद्घाटन गरिएको मन्त्री गहतराजको भनाई थियो ।

३९ बर्ष पछि गण्डकी प्रदेशमा आउदो असोज २८ देखि कार्तिक ३ गतेसम्म संचालन हुने नवौं राष्ट्रिय खेलकुद प्रतियोगितालाई सफल पार्न प्रदेश सरकार तयार रहेको गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेल बताउनु भयो । खेलाडी एवं प्रशिक्षकहरुलाई उच्च मनोवलका साथ आफ्नो तयारीमा लाग्न उहाँको आग्रह थियो । पोखराका मेयर धनराज आचार्यले ढिलै भए पनि स्थानिय तहलाई संघिय सरकारले सहकार्य गरेकोले आफ्नो क्षेत्रमा हुने उक्त इभेन्टलाई सफल पार्न आफुहरु कटिवद्ध भएको बताउनु भयो ।

प्रदेशको राजधानी पोखरा केन्द्रित हुने उक्त प्रतियोगिताका विभिन्न खेल मैदानको हकमा करिब तयारी अबस्थामा रहेको राष्ट्रिय खेलकुद परिषदका सदस्य सचिव टंकलाल घिसिङले बताए। यही भदौ २५ गतेभित्रमा खेलाडी र प्रशिक्षकको नाम दर्ता र असोज १० सम्ममा खेलगत इभेन्ट, खेल समयतालिका, खेलस्थलको जानकारी गराइने उहाँले बताउनुभयो । खेलस्थल र खेलाडी आवास क्षेत्रमा सुरक्षा प्रबन्ध, स्वागत सत्कार र यातायात तथा खेलाडीको हौसला बढाउनका लागि प्रदेश सरकारबाट आवश्यक काम हुने विश्वास राखेपले लिएको सदस्यसचिव घिसिङले बताउनुभयो । प्रतियोगितामा सात प्रदेश, तीन विभागीय र एनआरएनको एक गरी ११ टोलीले सहभागिता जनाउने निश्चित भएको परिषद्ले जनाएको छ। राष्ट्रिय खेलकुदका ३६ र दुई प्रदर्शनी खेलहरू छन् । प्रतियोगितामा चार सय सात स्वर्ण पदकका लागि खेलाडबीच प्रतिस्पर्धा हुनेछ। टोलीले ३६ वटै खेलमा भाग लिएको अवस्थामा एक टोलीमा सात सय आठ जनासम्म खेलाडी सहभागी हुने भएकाले प्रतियोगितामा कूल सात हजार सात सय ८८ खेलाडीमात्र सहभागी हुने गण्डकी प्रदेश खेलकुद परिषद्का सदस्यसचिव तेजबहादुर गुरुङले जानकारी दिनुभयो ।

## महिलामैत्री सञ्चार नीतिको खाँचो

पोखरापत्र संवाददाता
दमौली, ५ भदौं

सञ्चारक्षेत्रमा महिलाको सहभागिता बढाउन महिलामैत्री सञ्चार नीतिको खाँचो रहेको यहाँका महिला पत्रकारले बताएका छन् ।

स्वतन्त्र पत्रकार सङ्घ कास्कीले आफ्नो १०औं वार्षिक साधारणसभाको अवसरमा आयोजना गरेको सञ्चारमा महिला सहभागिता विषयक अन्तर्क्रिया कार्यक्रममा सहभागी महिला पत्रकारले नेपाली समाजमा अझै पनि पुरातन सोच हावी भएको र सञ्चारगृह पनि महिलामैत्री हुन नसक्दा काम गर्न असहज भएको बताएका हुन् । नेपाल पत्रकार महासङ्घका केन्द्रिय सदस्य सरिता तिमिल्सिनाले सामाजिक रुपान्तरणका लागि सञ्चार क्षेत्रमा महिलाको गुणात्मक र सङ्ख्यात्मक वृद्धिअपरिहार्य रहेको जनाउँदै सञ्चार गृह महिलामैत्री हुन नसक्दा व्यवसायिक रुपमा पत्रकार महिला पलायन हुनेस्थित आएको बताउनुभयो । उहाँले नीतिगत तहबाटै यस क्षेत्रमा महिला सहभागिता बढाउन र महिलाका मुद्दालाई मूल धारमा ल्याएर समस्या समाधानका लागि पहल गर्न पनि आवश्यक रहेको बताउनुभयो ।

कार्यक्रममा स्वतन्त्र पत्रकार सङ्घका केन्द्रिय पार्षद एवं रेडियो नेपाल प्रादेशिक कार्यलयका कार्यक्रम अधिकृत शान्ति राणाले सञ्चारमा महिलाको अवस्था हिजो र आजका बारेमा चर्चा गर्दै यस क्षेत्रमा सक्रिय महिलाको योगदानलाई


बाँकी अन्तिम पृष्ठमा ▶▶

## नेता गिरीको सम्मानमा कांग्रेसले तीन दिन पार्टीको झण्डा आधा झुकाउने

पोखरापत्र संवाददाता
काठमाडौं, ५ भदौं

नेपाली कांग्रेसले दिवङ्गत नेता प्रदीप गिरीप्रति उच्च सम्मान प्रकट गर्दै यही भदौ ५, ६ र ७ गते तीन दिनसम्म पार्टीको केन्द्रीय र मातहतका सबै कार्यालयमा झण्डा आधा झुकाउने निर्णय गरेको छ ।

साथै पार्टीले शोक श्रद्धाञ्जलीका कार्यक्रमबाहेक अरु सबै कार्यक्रम स्थगित गर्ने भएको छ। पार्टी केन्द्रीय कार्यालय सानेपामा आइतबार बसेको केन्द्रीय कार्यसमितिको आकस्मिक बैठकले समाजवादी चिन्तक, पूर्वकेन्द्रीय सदस्य एवं



प्रतिनिधिसभा सदस्य गिरीको निधनप्रति दुःख व्यक्त गर्दै शोक प्रस्ताव पारित गरेको छ ।

यसैगरी कांग्रेसले भदौ ६ गते सोमबार केन्द्र तथा मातहतका सबै कार्यालय बन्द गर्ने, स्वर्गारोहणको १३औं दिन (भदौ १६ गते) सम्म केन्द्र र जिल्ला कार्यालयमा शोक पुस्तिका राख्ने निर्णय गरेको पार्टीका मुख्यसचिव कृष्णप्रसाद पौडेलले जानकारी दिनुभयो । स्वर्गारोहणको १३ औं दिन (भदौ १६ गते) मा केन्द्र र सबै जिल्लामा शोकसभाको आयोजना गर्ने बैठकले निर्णय गरेको छ। नेता गिरी समकालीन नेपाली राजनीतिका वैचारिक ज्ञान पुञ्ज, समाजवादी चिन्तक, लेखक, निष्ठावान् त्यागी एवम् बहुआयामिक व्यक्तित्व हुनुहुन्छ । उहाँको उपचारका क्रममा ललितपुरस्थित मेडिसिटी अस्पतालमा ७५ वर्षको उमेरमा भदौ ४ गते राति ९:३० बजे निधन भएको हो ।


गिरीको पार्थिव शरीर पशुपतिनाथस्थित आर्यघाटमा अन्त्येष्टि गरिएको छ । प्रधानमन्त्री शेरबहादुर देउवाले त्यस अवसरमा उहाँको पार्थिव शरीरमा राष्ट्रिय झण्डा ओढाएर सम्मान एवं श्रद्धाञ्जली अर्पण गर्नुभयो । नेकपा (एमाले)का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले पनि आर्यघाट पुगेर उहाँप्रति श्रद्धाञ्जली अर्पण गर्नुभयो । सो अवसरमा नेपाल प्रहरीको एक टुकडीले स्व गिरीप्रति सलामी अर्पण गर्‍यो । स्व गिरीलाई उहाँका छोरा सन्तोष गिरीले दागबत्ती दिनुभयो ।

## २४ औं पोखरा सडक महोत्सवको संयोजकमा बसन्त गौतम

पोखरापत्र संवाददाता
पोखरा, ५ भदौं


रेष्टुरेण्ट एण्ड वार एशोसियसन (रेवान) पोखराको आयोजनामा पोखरामा वर्षेनी हुँदै आएको पोखरा सडक महोत्सवको २४ औं संस्करणका लागि बसन्त गौतमलाई संयोजक चयन गरिएको छ।

रेवान पोखराको भर्खरै सम्पन्न नयाँ कार्यसमितिको पहिलो बैठकले गौतमलाई संयोजकमा चयन गरेको हो । बैठकले सह-संयोजकमा योगेश भट्टराई र बैभव पौडेललाई चयन गर्‍यो। त्यस्तै बैठकले विश्व



पर्यटन दिवस, २७ सेप्टेम्बरका दिन रेवान पोखराले आयोजना गर्दै आएको एक दिने मिनि सडक महोत्सवका लागि समितिका महासचिव विकास भट्टराईलाई संयोजकको जिम्मेवारी दिइएको अध्यक्ष नरेश भट्टराईले जानकारी दिनुभयो ।

आन्तरिक तथा वाह्य पर्यटन प्रवर्द्धनका साथै लोपोन्मुख भेषभूषा, कला, सँस्कृति, ग्रामीण भेगमा उत्पादित घरेलु सामग्रीहरुको संरक्षण एवं प्रवर्द्धन गरी पोखरालाई अंग्रजी नयाँ वर्षको गन्तब्य स्थलका रुपमा पहिचान दिलाउने उद्देश्य सहित रेवान पोखराले २३ वर्षदेखि पोखरा सडक महोत्सव आयोजना गर्दै आएको छ । पुषको १३ देखि १७ गते सम्म लेकसाइडको सडकमा यो महोत्सव सञ्चालन हुने गर्दछ।



# तायमचा नृत्य प्रतियोगिता सम्पन्न, भीमसेन टोल सुधार समिति प्रथम

**पोखरापत्र संवाददाता**
**पोखरा, ५ भदौं**

पोखरामा शनिबार तायाः मचा नृत्य प्रतियोगिता सम्पन्न भएको छ।

नेवा खल कास्कीको तत्वाधान तथा मोहोरिया-सिंहनाथ तायमचा समितको आयोजनामा सम्पन्न प्रतियोगितामा २३ टोलीको सहभागिता रहेको थियो। प्रतियोगितामा भीमसेन टोल सुधार समिती प्रथम भएको छ। तेर्सापट्टी तायमचा नाच समिती दोस्रो, महेन्द्रपुल तायमचा समिती तेश्रो, तथा नयाँ बजार साँस्कृतिक समितीले सान्त्वना स्थान हासिल गरेको छ । प्रतियोगितामा प्रथम हुने समूहले नगद रु. ३५ हजार, दोस्रो हुनेले २५ हजार, तेस्रो हुनेले १५ हजार र सान्त्वना हुने समूहले ५ हजार प्राप्त गरेका छन् । प्रतियोगितामा लामाचौर नेवाः खलको नृत्यले सर्वोत्कृष्ट महिला नृत्य समुहको उपाधी जितेको छ । रामकृष्णटोल



तायमचा समितको बाद्यबाधन प्रस्तुति सर्वोत्कृष्ट बाद्यबाधन घोषित भएको छ । नेवा खल कचा पृथ्वीचोकले सर्वोत्कृष्ट जोकर को पुरस्कार जितेको छ। विजेता तथा उपविजेता टोलीलाई पोखरा महानगरपालिका का प्रमुख धनराज आचार्य, नेवा खल कास्कीका अध्यक्ष अशोक पालिखे, आयोजक मोहोरिया-सिंहनाथ तायमचा समितीका अध्यक्ष शिबप्रसादले पुरस्कार तथा प्रमाणपत्र वितरण गर्नुभएको प्रचार संयोजक अरुण श्रेष्ठले जानकारी दिनुभयो।

यस अघि कार्यक्रमको उद्घाटन पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले गर्नुभएको थियो । उहाँले मौलिकता बोकेका यस्ता संस्कृतिको जगेर्ना गर्नु स्थानिय सरकारको पनि दायित्व रहेकाले यो दायित्व पुरा गर्न आफु पछि नहट्ने बताउनुभयो । आयोजक मोहोरिया सिंहनाथ तायमचा समितीका अध्यक्ष शिबप्रसाद श्रेष्ठले तायाः मचा नृत्यको ऐतिहासिक एवं सांस्कृतिक महत्वलाई दृष्टिगत गर्दै नाचको संरक्षण् गर्ने उद्देश्यले प्रतियोगिता आयोजना गरिएको बताउनभयो। नेवाः खल कास्कीका अध्यक्ष अशोक पालिखेले तायाः मचा नाच सबैको भएको भन्दै यो पोखराको ब्राण्ड रुपमा स्थापित भएको बताउनुभयो । उहाँले यसको व्यपाकताका लागि सबै समुदाय र संचार क्षेत्रबाट खेलिएको भूमिका बिगतदेखिनै महत्वपूर्ण रहेकोले यसपालि थप व्यापकता पाउनेमा विश्वस्त रहेको बताउनुभयो । कार्यक्रममा तमु घिं नेपालका अध्यक्ष हुमबहादुर तमु, पोखरा महानगरपालिका वडा नम्बर १ का अध्यक्ष सहारा प्रधान लगायतले बोल्नुभएको थियो । मोहोरिया सिंहनाथ तायमचा समितीका अध्यक्ष शिबप्रसाद श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत उपाध्यक्ष सुरेन्द्रमान विजुक्छे गर्नुभएको थियो भने कार्यक्रमको सञ्चालन निरञ्जन श्रेष्ठले गर्नुभएको थियो।

# मुक्ति समाज गण्डकी अध्यक्षमा निर्मल

**पोखरापत्र संवाददाता**
**पोखरा, ५ भदौं**

नेपाल उत्पीडित जातीय मुक्ति समाज गण्डकी प्रदेश संगठन कमिटीको शनिबार भएको प्रथम सम्मेलनले निर्मल दियाली सुनारको नेतृत्वमा सर्वसम्मत रुपमा ८५ सदस्यीय कार्यसमिति चुनेको छ।

सम्मेलनबाट प्रदेश कमिटी उपाध्यक्षमा नवलपुरका होमबहादुर विक र तनहुँकी डिना गोतामे, सचिवमा कास्कीका बमबहादुर विक र कोषाध्यक्षमा कास्कीकै कमला सुनार छन् । त्यस्तै उपसचिवमा पर्वतका बाबुराम सुनार र बागलुङ्की रुपा विक छन् । कार्यक्रममा एमाले सचिव तथा गण्डकी प्रदेश इन्चार्ज पद्मा अर्याललले सबै जाति, लिंग, क्षेत्रलाई समेटेर देशको समृद्धि एमालेको नेतृत्वमा मात्र सम्भव भएको बताइन् । उनले जनवर्गीय संगठनहरु पार्टीका पूर्वाधार भएको बताउँदै पूर्वाधार बलिया



बनाइराख्न कार्यकर्तालाई निर्देशन दिइन् ।

'जातीय भेदभाव तथा छुवाछुतको अन्त्य गर्न राष्ट्रिय नीति निर्माण गरौं, समानुपातिक समावेशीपूर्ण प्रतिनिधित्वको संवैधानिक अग्राधिकार सुनिश्चित गरौं' भन्ने नाराका साथ भएको सम्मेलनमा नेकपा एमाले पोलिटब्युरो सदस्य जगतबहादुर विश्वकर्मा, पूर्वमन्त्री जितु गौतम, पार्टीका केन्द्रीय सदस्यहरु कृष्ण थापा र सीता सुन्दास, मुक्ति समाजका केन्द्रीय अध्यक्ष मनोहर विश्वकर्मा पौडेल, समाजका केन्द्रीय सचिव तथा गण्डकी प्रदेश संयोजक धनबहादुर नेपाली, सहसंयोजक प्रेम विश्वकर्मा र बाबुराम विश्वकर्मा, अनेरास्ववियु गण्डकी अध्यक्ष प्रकाश पौडेल लगायतले बोलेका थिए ।

नवनिर्वाचित अध्यक्ष सुनारले पार्टीको मार्गदर्शनमा रहेर समतामूलक समाज निर्माणका लागि नयाँ कमिटी लाग्ने प्रतिवद्धता गरे । उनले भने, 'संगठन सँगसँगै पार्टीलाई जनस्तरसम्म लैजान भूमिका खेल्छौं । प्रदेशका सबै जिल्लामा मजबुत संगठन बनाउँदै सबै प्रकारका विभेद अन्त्य गरी समातामूलक समाज निर्माणमा लाग्छौं ।' निर्वाचित पदाधिकारी तथा सदस्यलाई मुक्ति समाजका केन्द्रीय अध्यक्ष मनोहर विक पौडेलले पद तथा गोपनीयताको सपथ गराए । कार्यक्रम मुक्ति समाजका केन्द्रीय सचिव एवं गण्डकी प्रदेश सम्मेलन कमिटी संयोजक धनबहादुर नेपालीको अध्यक्षतामा भएको थियो ।

# पोखरामा लिम्बु मातृभाषा तथा लिपि प्रशिक्षण कार्यक्रम सुरु

**पोखरापत्र संवाददाता**
**पोखरा, ५ भदौं**

गण्डकी प्रज्ञा प्रतिष्ठानको आयोजनामा पोखरामा लिम्बु मातृभाषा, लिपि र मुन्धुम प्रशिक्षण कार्यक्रम सुरु भएको छ।

किरात याक्थुङ चुम्लुङ पोखराको सहकार्यमा आयोजित प्रशिक्षण कार्यक्रमको उद्घाटन गण्डकी प्रज्ञा प्रतिष्ठानका कुलपति सुर्य खड्का विखर्चीले एक कार्यक्रमकाबिच गरें। उनले आफ्नो मातृभाषाको महत्व ठुलो हुने भएकोले सबै मिलेर मातृभाषालाई जोगाउनुपर्ने बताए। गण्डकी प्रज्ञा प्रतिष्ठानले अभियानकै रुपमा मातृभाषालाई संरक्षण गर्न गण्डकी



प्रदेशका विभिन्न ठाउँमा प्रशिक्षण कार्यक्रमको आयोजना गरेको उनको भनाई थियो । यस्ता कार्यक्रमले मातृभाषा संरक्षणमा सकारात्मक सहयोग पुग्ने उनको विश्वास छ । किरात याक्थुङ चुम्लुङ पोखराका धन बहादुर थेवेको अध्यक्षतामा आयोजित कार्यक्रममा दिनेश लिम्बु, सञ्जय लिम्बु लगायतले बोलेका थिए।

कुल ३२ जना प्रशिक्षार्थीको सहभागीता रहेको प्रशिक्षण कार्यक्रमको सहजिकरण सञ्जय लिम्बु र दीनेश लिम्बुले गर्ने गण्डकी प्रज्ञा प्रतिष्ठानका सदस्य सचिव मनकुमार श्रेष्ठले जनाए। प्रशिक्षण कार्यक्रम एक महिना सम्म चल्नेछ।

गण्डकी प्रज्ञा प्रतिष्ठानको सहयोगमा स्थापित जाती विस्तापित भाषा नाम दिएर प्रशिक्षण कार्यक्रम आयोजना निरन्तर भईरहेको छ। जस अनुसार तामाङ, दुरा, नेवारी, गुरुङ भाषाको प्रशिक्षण अघिल्लो आर्थिक वर्षमा सम्पन्न भइसकेको छ । चालु आर्थिक वर्षमा समेत मातृभाषा प्रशिक्षण कार्यक्रमलाई निरन्तरता दिने योजना अनुसार लिम्बु मातृभाषा तथा लिपि प्रशिक्षण कार्यक्रम आयोजना गरिएको सदस्य सचिव मनकुमार श्रेष्ठले बताए।

# वालिङमा फाईवर टेलिफोन शुरु

**श्रीकृष्ण सिग्देल**
**स्याङ्जा, ५ भदौं**

तामाको तार हटाएर फाइवर ल्याण्डलाईन टेलिफोन सेवा वालिङमा शुरु भएको छ। नेपाल टेलिकमले वालिङका ग्राहकलाई अबदेखी फाईवर ल्याण्डलाइन टेलिफोन सेवा दिने भएको हो। एफटिटीएच नामक फाइवर सेवा जिल्लाका ३ शहरमा शुरु भइसकेको टेलिकमले जनाएको छ। झण्डै १ हजार तामाको तार सहितको लेण्डलाईन वितरण गरेको वालिङ टेलिकमले अब सबै तामाका तार हटाएर फाईवर जडित लेण्डलाइन वितरण गर्न लागेका वालिङका प्रमुख नारायण कपालीले जानकारी दिए।

फाईवर टेलिफोन सेवाको वालिङका नगर प्रमुख कृष्ण खाँणले शुभारम्भ गरेका छन् । एकै तारबाट सबै सुविधा सगै तिब्रगतिको इन्टरनेट, टिभी र टेलिफोन सञ्चालनले नगरवासीका लागि महत्वपुर्ण सेवा भएको बताए । यो सेवा वालिङ नगरपालिकाबाट शुभारम्भ गर्न पाउदा खुशी र टेलिकमलाई धन्यवाद दिए।

नेपाल टेलिकमको प्रादेशिक निर्देशनालय पोखराका निर्देशक इन्दल यादवले नगर प्रमुख कृष्ण खाँणलाई एफटिटिएचको सिपीई हस्तान्तरण गरेका थिए। यादवले नेपाल टेलिकमको आगामी रणनीति, सेवा सुविधाका बारेमा नगर प्रमुख खाणलाई अवगत गराएका थिए।

उनका अनुसार अहिले सम्म १ सय ५० लाईन फाईवर जडान भइसकेको र बाँकी अन्य टेलिफोनको लागि काम भइरहेको टेलिकम वालिङ शाखाले जानकारी दिएको छ। वीपी चोक, भिआईपी टोल, वालिङ मोड र नयाँ बजारमा यो सेवा शुरु भइसकेको बताए। यो सेवा शुरु भएपछि सेवाग्राहीले एउटै तारबाट टेलिफोन, वाईफाई र टिभी हेर्न सक्ने छन्। नयाँ सेवा लिनेलाई झण्डै ५ हजार शुल्क लाग्ने टेलिकमले जनाएको छ।

बजारमा टेलिकमको तारका कारण दुर्घट्ना देखि बजारको शोभायमानमा प्रश्न उठ्न थालेपछि नेपाल टेलिकमले पुरानो प्रविधी हटाएर नयाँ प्रविधि भित्राउन लागेको हो । तार कम लाग्ने र भरपर्दो सेवा भएकाले फाईवर टेलिफोन सेवा वितरण गर्न लागेको टेलिकमको दावी छ । यो सेवा प्रयोग गर्दा अनिवार्य विद्युत सेवा भने हुनुपर्ने छ। विद्युत अवरुद्ध हुदा यो सेवा पनि अवरुद्ध हुने टेलिकमले जनाएको छ । नेपाल टेलिकम पोखराका कार्यालय प्रमुख रवि मानन्धरको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा नेपाल टेलिकम प्रादेशिक निर्देशनालयका वरिष्ठ ईन्जिनियर रामचन्द्र पोखरेलले फाइवर टेलिफोन सेवाको बारेमा जानकारी दिएका थिए भने कार्यक्रमको सन्चालन पोखरा प्रादेशिक निर्देशनालयका ब्यापार आधिकृत महेन्द्र रिमालले गरेका थिए। शुभारम्भ कार्यक्रममा नेपाल टेलिकम वालिङका कार्यालय प्रमुख नारायण कपालि, पोखरा कर्यालयका प्राविधिक प्रमुख विकास तिमिल्सिना, लेखा प्रमुख उमेस घिमिरे, प्रादेशिक निर्देशनलयका प्रशासन प्रमुख मोहन पुर्ण सत्याल, नगर पालिकाका उपप्रमुख कविता तिवारी, नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत राजन भटराइ, वार्ड नम्बर ८ का वडा अध्यक्ष दामोदर तिवारी, वडा नम्बर १० का वडा अध्यक्ष सुनिल खनाल लगायतको सहभागीता रहेको थियो । जिल्लाको मुख्य व्यपारीक केन्द्रबाट शुभारम्भ भएको फाईवर टेलिफोन सेवा जिल्लाको गल्याङ्, मिर्मि, पुतलीबजार, चापाकोट, भीरकोट लगायतका मुख्य बजार क्षेत्रमा पनि यो सेवा सञ्चालन हुने टेलिकम वालिङले जनाएको छ।

## महिलामैत्री...

प्रेरित गर्दै नयाँलाई आकर्षण गर्न पारिश्रमिक, नियुक्तिपत्र र विभिन्न तालिम उपलब्ध गराउनुपर्ने साथै महिलामैत्री व्यवहारको खाँचो औल्याउनुभयो।

नेपाल पत्रकार महासङ्घ कास्कीका अध्यक्ष जमुना वर्षा शर्माले नीति निर्माण तहमा महिला नेतृत्वको अभावले सञ्चारमा महिलाको उपस्थिति गुणात्मक एवं सङ्ख्यात्मक रुपमा सोचे जसरी बढ्न नसकेको बताउनुभयो । उहाँले विभिन्न तालिमबाट पत्रकार महिलाको क्षमता र दक्षता अभिवृद्धि तालिम हुनुपर्ने साथै उनीहरुको क्षमताको मूल्याङ्क नहुनुपर्ने जोड दिनुभयो। कार्यक्रममा वडा नं १७ का वडाअध्यक्ष राधिका शाहीले सञ्चार क्षेत्रबाट समाजले धैरै अपेक्षा गरेको जनाउँदै समतामूलक र न्यायिक समाजका लागि पत्रकारको भूमिका सशक्त हुनुपर्ने बताउनुभयो । उहाँले सञ्चारमा महिलाको उपस्थितिले लैङ्गिक समानता कायम गर्न मद्दत पुग्ने भन्दै महिलाका मुद्दामा सञ्चार क्षेत्र संवेदनशील हुनुपर्ने धारणा राख्नुभयो। नेपाल पत्रकार महासङ्घका पूर्व अध्यक्ष एवं अग्रज पत्रकार नारायण कार्कीले पछिल्लो समय महिला पत्रकार निकै सशक्त र गुणात्मक तरिकाले सञ्चार क्षेत्रमा आएको जनाउँदै उनीहरुलाई यस क्षेत्रमा टिकाउन महिलामैत्री सञ्चार नीति जरुरी रहेको बताउनुभयो । स्वतन्त्र पत्रकार सङ्घका केन्द्रिय अध्यक्ष कृष्ण बाँस्तोलाले महिलाको स्वतन्त्रतालाई अझै पनि समाजले सकारात्मक रुपमा लिन नसक्दा यस क्षेत्रमा पनि महिलाको उपस्थित बढ्न समस्या रहेको धारणा राख्नुभयो। कार्यक्रममा सञ्चारिका समूह नेपाल गण्डकी प्रदेश अध्यक्ष कविता श्रेष्ठ, प्रेस युनियन कास्कीका अध्यक्ष रविना आले, स्वतन्त्र पत्रकार सङ्घ कास्कीका अध्यक्ष असफल गौतम, सचिव गङ्गासागर उपाध्याय, सदस्य राधा ढकाललगायतले सञ्चार क्षेत्रमा महिलाको सहभागिता अवसर र चुनौतीका विषयमा आफ्नो धारणा राखेका थिए

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

महिलाहरुमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडबडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।
– थमस हाडी

## सम्पादकीय

# बिजुली बेचेर कमाउने अवसर

नेपालले विदेशबाट पैसा कमाउने विजुली बेचेर हो । भारतमा बिजुली बेच्न थालेको एक बर्ष अघिदेखि हो । नेपालबाट बिजुली बेच्ने कुरा अहिलेको लागि सुखद समाचार हो । आर्थिक वर्ष २०७८/७९ मा १६ अर्ब १६ करोड बराबरको नाफा गरेको नेपाल विद्युत् प्राधिकरणले चालु आर्थिक वर्षको पहिलो महिनामा नै झण्डै २ अर्ब रुपैयाँ बराबरको बिजुली भारत निर्यात गरेको छ ।

वर्षायाममा भारतमा बढी बिजुलीको माग हुने भएकाले प्राधिकरणले आवश्यकताका आधारमा बिजुली निर्यात गरिरहेको छ । यस्तै प्राधिकरणले थप एक सय ११ मेगावाट बिजुली निर्यातका लागिसमेत प्रयास गरिरहेको छ । प्राधिकरणले चालु आवको पहिलो महिना अर्थात् गत साउनमा रु एक अर्ब ८३ करोड ८८ लाख ७६ हजार बराबरको बिजुली निर्यात गरेको छ । प्राधिकरणले देशभित्र खपत गरी बढी भएको २४ करोड २६ लाख ८३ हजार युनिट विद्युत साउनमा भारततर्फ निर्यात गरेको हो । विद्युत् निर्यातबाट गत साउनमा औसतमा दैनिक रु पाँच करोड ९३ लाख कमाउन प्राधिकरण सफल भएको छ । प्राधिकरणले देशभित्र खपत गरी अतिरिक्त भएको वर्षायामको विद्युत् गत जेठ १९ गतेदेखि इन्डियन इनर्जी एक्सचेन्ज लिमिटेड (आइएक्स)को डे-अहेड बजारमा प्रतिस्पर्धामार्फत बिक्री शुरू गरेको थियो । शुरूमा नुवाकोटका दुई विद्युतगृहको ३९ मेगावाट उत्पादित विद्युतलाई स्रोत मानी दैनिक रूपमा आइएक्समा बिक्री गरिएको थियो । त्यसपछि जेठ २७ गतेदेखि दैनिक रूपमा विभिन्न छ वटा जलविद्युतगृहबाट उत्पादित विद्युतलाई स्रोत मानेर बिजुली निर्यात भएको छ ।

वर्षायाममा भारतमा बढी बिजुलीको माग हुने भएकाले प्राधिकरणले आवश्यकताका आधारमा बिजुली निर्यात गरिरहेको छ । प्राधिकरणले थप एक सय ११ मेगावाट बिजुली निर्यातका लागिसमेत प्रयास गरिरहेको छ । प्राधिकरणले चालु आवको पहिलो महिना अर्थात् गत साउनमा रु एक अर्ब ८३ करोड ८८ लाख ७६ हजार बराबरको बिजुली निर्यात गरेछ । त्यस आधारमा दैनिक तीन सय ६४ मेगावाट भारतीय बजारमा प्रतिस्पर्धी दरमा बिक्री हुँदै आएको छ । आइएक्समा २४ घण्टालाई १५/१५ मिनेटको ९६ वटा ब्लकमा विभाजन गरी बजारले तय गरेको प्रतिस्पर्धी दरमा विद्युतको कारोबार गरिन्छ । त्यसैले हरेक ब्लकको मूल्य फरक-फरक हुने गरेको छ । गत आव २०७८/७९ मा तीन अर्ब ८८ करोड रुपैयाँको विद्युत् निर्यात भएको थियो । ढल्केबर-मुजफ्फरपुर चार सय केभी अन्तरदेशीय प्रसारण लाइनमार्फत विद्युत् निर्यात भइरहेको छ ।

गत आवमा प्राधिकरणको सौर्य प्लान्ट, माथिल्लो तामाकोसी र निजी क्षेत्रका जलविद्युत् तथा सौर्य आयोजनाको कूल सात सय ३५ मेगावाट विद्युत् प्रणालीमा थप भएको थियो । योसँगै वर्षायाममा देशभित्रको मागभन्दा बढी उत्पादन गर्न सकिने अवस्था आएकाले भारतीय बजारमा प्रतिस्पर्धामार्फत विद्युत् बिक्री गर्न सफल भएको प्राधिकरण कार्यकारी निर्देशक कुलमान घिसिङले जानकारी दिए । प्राधिकरणले देशभित्र खपत गरी अतिरिक्त भएको वर्षायामको थप १ सय ११ मेगावाट विद्युत् इन्डियन इनर्जी एक्सचेन्ज लिमिटेड (आइएक्स)को डे-अहेड बजारमा प्रतिस्पर्धामार्फत बिक्रीको प्रस्ताव गरेको छ । प्राधिकरणले थप चार जलविद्युतगृहबाट उत्पादित विद्युतलाई स्रोत मानी आइएक्समा प्रतिस्पर्धाबाट बिक्रीका लागि भारत सरकारको विद्युत् मन्त्रालयअन्तर्गतको केन्द्रीय विद्युत् प्राधिकरणमा अनुमतिका लागि प्रस्ताव पेश गरेको छ । केन्द्रीय विद्युत् प्राधिकरणबाट अनुमति पाएपछि थप विद्युत् निर्यात शुरू हुने छ । प्राधिकरणले ४२ मेगावाटको मिस्त्रीखोला, २४.२ मेगावाटको लिखूखोला ‘ए’, २३.५ मेगावाटको सोलुखोला, २२.१ मेगावाटको चिलिमेको विद्युतगृहबाट उत्पादित एक सय ११.८ मेगावाट विद्युत् निर्यातको प्रस्ताव स्वीकृतिका लागि पेश गरिएको छ ।

प्राधिकरणका कार्यकारी निर्देशक घिसिङले थप विद्युत् निर्यातका लागि भारत सरकारबाट छिट्टै अनुमति प्राप्त हुनेमा विश्वास व्यक्त गरे । भारतको केन्द्रीय विद्युत् प्रणालीअन्तर्गत दैनिक विद्युत् बजार (डे अहेड मार्केट) मा विद्युत् बिक्री गरिन्छ । प्राधिकरणले हरेक दिन बिहान १० बजेदेखि मध्यान्ह १२ बजेसम्म एक्सचेन्ज बजारमा बिक्री गरिने विद्युतको परिमाणसहित बोलपत्रमा प्रतिस्पर्धा गरिन्छ । विद्युत् प्रणालीमार्फत तय हुने ‘मार्केट क्लियरिङ प्राइस’का आधारमा विद्युत्कोप्रति युनिट बिक्री दर तय हुन्छ । प्रतिस्पर्धी दर तय भएपछि रातिको १२ बजेदेखि अर्को दिनको रातको १२ बजेसम्म अर्थात् २४ घण्टा विद्युत् निर्यात गरिन्छ । प्राधिकरणका तर्फबाट एक्सचेन्ज बजारको सम्पूर्ण कारोबार नेपालसँगको विद्युत् व्यापारका लागि तोकिएको सम्पर्क निकाय एनटिपिसी विद्युत् व्यापार निगम (एनभिभिएन)ले गर्छ । एनभिभिएनले हरेक दिनको कारोबारसम्बन्धी विवरण प्रत्येक दिन साँझ ६ बजे प्राधिकरणलाई पठाउँछ । नेपालले जलस्रोतको समुचित उपयोग हुन सकेमा स्थिरता कायम गर्न सहज हुनेछ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शत्रुको भय | तुला | : सम्मान मिल्नेछ |
| वृष | : झमेला बड्ने | वृश्चिक | : अप्रत्यसित लाभ |
| मिथुन | : कार्यमा सफलता | धनु | : आर्थिक समस्या |
| कर्कट | : मन चञ्चल | मकर | : मानसिक तनाब |
| सिंह | : सहयोग मिल्नेछ | कुम्भ | : शारीरिक झमेला |
| कन्या | : सत्कार मिल्नेछ | मीन | : ब्यापारमा लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# राष्ट्रिय खेलकुदका लागि छनोट सुरु

**पोखरापत्र संवाददाता**
**म्याग्दी, ५ भदौं**

आगामी असोज २८ देखि कात्तिक ३ गतेसम्म गण्डकी प्रदेशमा सञ्चालन हुन लागेको नवौं राष्ट्रिय खेलकुद प्रतियोगितामा सहभागी हुने खेलाडी छनोट गर्न थालिएको छ ।

भदौ १२ गतेसम्म जिल्लास्तरका खेलाडी छनोट गरिसक्ने राष्ट्रिय खेलकुद परिषद्को समय तालिकाअनुसार यहाँ छनोटलाई तीव्र बनाइएको हो । जिल्लामा इच्छुक खेलाडीको नाम दर्ता गरेर छनोट गराउन थालिएको जिल्ला खेलकुद विकास समितिले जनाएको छ । सोह्र खेलमा प्रदेशस्तरीय छनोटमा सहभागी गराउने योजनाअनुसार आर्चरी, कवड्डी र तेक्वान्दो खेलका खेलाडी छनोट गरिएको समितिका अध्यक्ष दिनेश केसीले बताउनुभयो । “सम्बन्धित खेलकुद सङ्घसँग समन्वय गरेर खेलाडी छनोटको काम भइरहेको छ”, उहाँले भन्नुभयो, “जिल्लाबाट छनोट भएका खेलाडीलाई प्रदेशस्तरीय प्रतिस्पर्धामा सहभागी गराइ राष्ट्रिय प्रतियोगितामा सहभागी गराउने कार्यविधि छ ।” जिल्लामा अन्य खेलका भदौ १० गतेसम्म छनोट गर्ने अध्यक्ष केसीले बताउनुभयो । राष्ट्रिय खेलकुद परिषद्ले नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताको तयारीका लागि पूर्वाधार निर्माण, खेल प्रशिक्षण र व्यवस्थापकीय काम सुरु गरेको छ । देशभरबाट खेलाडी छनोटसँगै गण्डकीको राजधानी पोखराबाहेकका सहरमा पनि प्रतियोगिताको खेल खेलाउन लागिएको राखेपका सदस्य राजेश गुरुङले बताउनुभयो ।

विसं २०७७ मा हुनुपर्ने नवौं राष्ट्रिय खेलकूद प्रतियोगिता पछिल्लो पटक असोज-कात्तिक महिनामा सारिएको थियो । पोखरा रङ्गशालालाई मुख्य खेलस्थल मानेर पोखरा नजिकैका गण्डकीका अन्य सहरमा पनि खेल सञ्चालन गर्ने तयारी राखेपले गरेको छ । यसैगरी राष्ट्रिय महिला भलिबल टिमका क्याप्नेट अरुणा शाहीलगायत सात जनालाई बेनीमा शनिबार सम्मान गरिएको छ । जिल्ला भलिबल सङ्घको कार्यालय स्थापनाको अवसरमा म्याग्दीको भलिबल खेलको विकासमा योगदान गरेको भन्दै उहाँहरुलाई सम्मान गरिएको हो । सम्मानित हुनेमा टिम क्याप्टेन शाही, भलिबल खेलाडी मुन्ना केसी, गङ्गा केसी, जिल्ला खेलकुद विकास समितिका पूर्वध्यक्ष कृष्णकुमार विश्वकर्मा, भलिबल सङ्घका पूर्व अध्यक्ष रमेशकुमार श्रेष्ठ, पूर्व सचिव विनय श्रेष्ठ, भलिबल रेफ्री डिबी श्रेष्ठ रहनुभएको छ ।

जिल्ला समन्वय समितिका प्रमुख राजकुमार थापा, सङ्घका अध्यक्ष तेजेन्द्र बानियाँ लगायतले सम्मानपत्र प्रदान र दोसल्ला ओढाएर सम्मान गर्नुभएको थियो । जिसस प्रमुख थापाले बेनीको शिक्षा मार्गमा स्थापना भएको भलिबल सङ्घको कार्यालय पनि स्थापना गर्नुभयो । सङघले जिल्लाका छ वटै स्थानीय तहमा पनि समिति विस्तार गरेको छ ।

# थप दुई सय ८६ जनामा कोरोना संक्रमण पुष्टि

**रासस**
**काठमाडौं, ५ भदौं**

देशभर पछिल्लो २४ घण्टामा थप दुई सय ८६ जनामा कोभिड-१९ सङ्क्रमण पुष्टि भएको छ । सो अवधिमा चार हजार चार सय २३ जनाको नमुना परीक्षण गरिएको थियो ।

एक हजार आठ सय १६ जनाको पीसीआर र एक हजार छ सय सात जनाको एन्टिजेन विधिबाट परीक्षण गरिएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ । विगत २४ घण्टामा चार हजार तीन सय ४३ जनाले कोभिड-१९ विरुद्धको खोप लगाएका छन् । यही अवधिमा चार सय ७९ जना कोरोना सङ्क्रमणबाट मुक्त भएका छन् । योसँगै कोरोनाबाट मुक्त हुनेको सङ्ख्या नौ लाख ७८ हजार नौ सय एक पुगेको छ । सङ्क्रमण मुक्त हुने दर ९८ दशमलव चार प्रतिशत रहेको मन्त्रालयले जनाएको छ ।

हाल सक्रिय सङ्क्रमितको सङ्ख्या चार हजार तीन सय ४८ रहेको छ । अहिलेसम्म कोरोनाबाट मृत्यु हुनेको सङ्ख्या ११ हजार नौ सय ९२ पुगेको छ । हाल होम आइसोलेशनमा चार हजार एक सय ५५, संस्थागत आइसोलेसनमा एक सय ९३, आईसीयूमा ५१ र भेन्टिलेटरमा पाँच सङ्क्रमित छन् । पाँच सयभन्दा बढी सक्रिय सङ्क्रमित भएका जिल्लामा काठमाडौं र ललितपुर छन् । शून्य सङ्क्रमित रहेका जिल्लामा मनाङ, मुस्ताङ, कालिकोट, हुम्ला, डोल्पा, मुग र रुकुम पश्चिम छन् । काठमाडौंमा दुई हजार ९१, ललितपुरमा सात सय २५ र भक्तपुरमा ६१ सक्रिय सङक्रमित छन् । कूल सङ्क्रमण दर १७ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ ।

# युरो कप बास्केटबल सोमबारदेखि

**रासस**
**काठमाडौं, ५ भदौं**

युरो स्कुलको आयोजनामा युरो कप अन्तरविद्यालय बास्केटबल प्रतियोगिता सोमबारदेखि हुने भएको छ । प्रतियोगितामा छात्रतर्फ १८ तथा छात्रातर्फ १२ टोलीको सहभागिता रहने युरो स्कुलकी प्रबन्ध निर्देशक एवं प्रिन्सिपल शैलाजा आचार्यले आज यहाँ पत्रकार सम्मेलनमा जानकारी दिनुभयो ।

सहभागी टोलीलाई चार समूहमा विभाजन गरी लिग कम नकआउटका आधारमा खेल खेलाइने छ । विद्यार्थीको प्रतिभालाई प्रस्फुटन गर्न अवसर दिनुका साथै प्रतिभावान खेलाडीको पहिचान गर्ने उद्देश्यले प्रतियोगिता आयोजना गर्न लागिएको उहाँले बताउनुभयो । यु-१७ उमेरसमूहमा उक्त प्रतिस्पर्धा हुने छ । नेपाल बास्केटबल सङ्घको प्राविधिक सहयोगमा हुन लागेको उक्त प्रतियोगिताका खेल हात्तीगौडास्थित कोर्टमा खेलाइने छ । फाइनल खेल यही भदौ १३ गते हुनेछ ।


**विमालेख हरायो**

यहि मिति २०७९/४/१ गते तालचोक बाट विजयपुर जाँदै गर्दा लाईफ इन्स्योरेन्स कर्पोरेसन (नेपाल) लि.को निम्न व्यहोराको विमालेख हराएको हुँदा पाउनुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा बुझाइदिनुहुन अनुरोध छ ।

नाम: आशिका कुँवर क्षेत्री
विमालेख नं.: 130023376
सम्पर्क नं. 9856061782


# लायन्स न्यूरोड चौतारीको ११ औं स्थापना दिवस

**पोखरापत्र संवाददाता**
**पोखरा, ५ भदौं**



लायन्स क्वल अफ पोखरा न्यूरोड चौतारीले अनाथालयका बालवालिकाका लागि खाद्यान्न र कपडाहरु वितरण गरेको छ । आइतबार क्लवले ११ औं स्थापना दिवसको अबसरमा पोखरा-१५ टुटुङ्गा स्थित रहेको सृजनशीत बालबिकासमा खाद्यान्त र लत्ताकपडा प्रदान गरेको हो ।

लायन्स क्लव अफ पोखरा न्यूरोड चौचारीको ११ औं स्थापना दिवसको अबसर पारेर बालगृहमा रहेका डेढदर्जन बालबालिकाका लागि आवस्यक पर्ने खाद्यान्न, शैशिक सामाग्री, बेडकबर लगायत ३० हजार रुपैयाँका सामाग्री हस्तान्तरण गरिएको क्लका सचिब माधब बास्ताकोटीले बताए । उनले क्लबले बार्षिक कार्यतालिका बनाएर विभिन्न सामाजिक कार्य गर्नूकासाथै स्थापना दिवसका अबसरमा प्रत्येक बर्ष विभिन्न क्षेत्रमा सहयोग गर्दै आएको बताए ।

कार्यक्रमका प्रमुख अतिथि एवं लायन्स क्लव अन्तराष्ट्रिय डिष्ट्रिक ३२५ जे का कम्युनिकेशन चिफ प्रजापति बास्तोलाले क्लबले आफ्नो स्थापना दिवसका अबसरमा अनाथलयका बालबालिकाका लागि आवस्यक पर्ने खध्यान्न र शैशिक सामाग्री प्रदान गरेर मानबीय कार्य गरेको बताए । उनले भने,‘ क्लबले स्थापना दिवसको अबसरमा अनाथ बालबालिकालाइ सहयोग पुग्ने सामाग्र प्रदान गरेको छ । यसले क्वबको मानबीय सेवा प्रतिको प्रतिबद्धता झल्किएको छ । क्लवले प्रदान गरेका सामाग्रीले बालवालिका पठनपाठनलाइ सहज बनाउनुका साथै उत्साह बढ्ने छ ।’ कम्युनिकेशन चिफ बास्तोलाले लायन्स क्लबहरुले स्वास्थ्य, शिक्षा, वातावरण लगायत दैबीप्रकोपको क्षेत्रमा सहयोग गर्दै आएको बताए । उनले एक दशक अघि स्थापना भएको यस क्लवले समाज सेवाका क्षेत्रमा महत्वपुर्ण कार्य गरेको बताउदै आगामी दिनमा पनि विभिन्न अबसर र सेवाबाट बन्चित भएका सर्वसाधारणलाइ केन्द्रीत गरेका कार्य गर्न क्लवलाइ सुझाए । बालगृहका प्रमुख शंकर पन्तले सहयोगी दाताहरुको सहयोगका भरमै बालगृहमा रहेका बालबालिकाको क्षिक्षादिक्षा र लालनपाल गर्दै आएको बताए । उनले भने, ‘बालगृहका बालबालिकाका लागि दाताहरुको सहयोगबाटै खर्च ब्यवस्थापन गर्दै आएका छौं । हाम्रो नियमित आम्दानीको कुनै स्रोत छैन । समाज सेवाका लागि सहयोग गर्ने चाहने तपाइहरु जस्तै सहयोगिहरुबाटै प्राप्त सहयोगले यहाँका डेढदर्जन बालबच्चाको लालनपालनसहित शिक्षादिक्षाको जोहो गर्दै आएका छौं । उनले विभिन्न माध्यमबाट बालगृहमा आइपुगेका बालाबालिकाको पालणपोषणसंगै प्राथमिकदेखि उच्चतहसम्मको शिक्षादिक्षा दिदै आएको बताए । प्रमुख पन्तले क्लवले गरेको यस सहयोगले ठुलो राहतको अनुभुति भएको उल्लेख गरे । संस्थापक अध्यक्ष बलाराम बरालले सन २०१२ मा स्थापना गरिएको यस क्लबले समाजसेवाका बिभिन्न क्षेत्रमा कार्य गर्दै आएको बताए । उनले प्रत्येक बर्ष क्वबबाट निर्वाचित भएका अध्यक्षहरुले स्वास्थ्य, शिक्षा, वातावरण, दैबिविपत्ति लगायतका क्षेत्रका महत्वपुर्ण कार्य गर्दै आएको बताए । क्वका अध्यक्ष कृष्ण बहादुर लम्सालले आफ्नो कार्यकालको दोस्रो कार्यक्रम अनाथलयका बालबालिकालाइ सहयोग गरेर शुरुवात गर्ने अबसर पाएकोमा खुशी ब्याक्त गरे । उनले आफ्नो कार्यक्रालमा समाज सेवाका विभिन्न क्षेत्रमा कार्य गर्ने योजना रहेको बताए ।

# श्रमदान गरेर दुई किलोमिटर सडक मर्मत

**पोखरापत्र संवाददाता**
**म्याग्दी, ५ भदौं**

म्याग्दीको मालिका गाउँपालिका-४ च्युरिबोटका युवाको सामूहिक पहलमा जनश्रमदानद्धारा च्युरिबोट गाउँमा शनिबार दुई किलोमिटर बाटो मर्मत गरिएको छ । च्युरिबोटस्थित परिवर्तन युवा क्लबको नेतृत्वमा सडक मर्मत गरिएको हो ।

वडाको सल्लेनदेखि च्युरीबोट गाउँ नजिकै पधैंरा खोल्सासम्म सडक मर्मत गरिएको क्लबका सचिव मदन पुनले जानकारी दिनुभयो । अविरल वर्षातृसँगै आएको पहिराले गाउँपालिकाको केन्द्र दरबाङदेखि वडा कार्यालय जोड्ने सडक भत्काएपछि यातायात अवरुद्ध भएको थियो । उहाँका अनुसार क्लबको नेतृत्वमा शनिबार करिब दुई किलोमिटर सडक मर्मत गरिएको छ । क्लबमा आवद्ध युवासहित सामाजिक अगुवाले समेत श्रमदान गरेका हुन् । सडक अवरुद्ध हुँदा वडा कार्यालय र स्वास्थ्यचौकीमा सेवा लिन आउने सेवाग्राहीसहित ढुवानीमा समेत समस्या भएको थियो ।

पहिरो पन्छ्याएर सडक मर्मत गरेपछि स्थानीयवासी, बटुवा, विद्यार्थीलगायत सर्वसाधारणलाई सहज भएको छ ।